# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

**विषय: माछा पालन सम्बन्धि ताल ठेक्कामा दिने सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०८०।११।०३**

श्री बेहडाबाबा माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०।१०।२५ गतेको निर्णय बमोजिम सूचना प्रकाशनका लागि सिफारिस भई आए अनुसार उक्त विद्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको धनगढी उपमहानगरपालिका वडा नं १६ घसिटामा रहेको कित्ता नं ३२ को जम्मा क्षेत्रफल ८६३५ बर्गमिटर मध्ये ताल निर्माण भएर प्रयोगमा आएको करिव ७००० बर्गमिटर क्षेत्रफलमा माछा पालन व्यवसाय संचालन गर्न १० बर्षका लागि ठेक्का लिन चाहने ईच्छुक फर्म वा कम्पनीले (प्यान, भ्याट नं, करचुक्ता प्रमाण पत्र, फर्म वा कारोवार नविकरण भएको कागजात) तपशिलको शर्तहरूको अधिनमा रहि सिलवन्दी दरभाउ पत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१। ठेक्का अवधि सम्झौता भएको मिति देखि १० दश वर्ष सम्म कायम हुनेछ ।

२। ठेक्काको बढाबढ न्यूनतम अंक रू. १,२५,०००। (अक्षरूपी एकलाख पच्चीस हजार मात्र) कायम गरिएको छ ।

३। दरभाउ पत्र फाराम सूचना प्रकाशित मितिबाट १५ दिन भित्र कार्यालय समयमा रू.१०००। एक हजार मात्र (फिर्ता नहुने गरी) बुझाई यस उपमहानगरपालिकाको राजस्व शाखाबाट खरिद गर्न सकिने छ ।

४। सूचना प्रकाशित भएको मितिबाट १६ औं दिनको दिउंसो १२.०० बजे भित्र दरभाउ पत्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्र सोहि दिन दिउंसो १.०० बजे सम्बन्धित फर्म/कम्पनी वा निजले तोकेको प्रतिनिधिको रोहवरमा खोलिने छ तर सम्बन्धित फर्म/कम्पनी वा निजले तोकेका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

५। दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सिलवन्दी दरभाउ पत्र सम्बन्धि सो कार्य गरिनेछ ।

६। कुनै पनि फर्म वा संस्थाको दररेट पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

७। दरभाउपत्र दर्ता गर्दा बोलपत्र दाताले आफुले कबोल गरेको ठेक्काअंकको ५ प्रतिशत रकम श्री बेहडाबाबा माध्यमिक विद्यालयको कृषि विकास बैक धनगढी शाखाको चल्तीखाताको हि.न.०८२२५००३९७०८८०१९ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट "क" वर्ग को मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ ।

८। दरभाउपत्र ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको र म्याद नाघी आएको दरभाउपत्र माथी कुनै कारवाही हुने छैन ।

९। वोलपत्रदाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्तवाणिज्य बैंकद्धारा ठेक्का अवधि सम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का भोग चलनको पट्टापुर्जी प्रदान गरिनेछ ।

१०।ठेक्का स्वीकृत भएपछि पहिलो बर्ष पहिलो किस्ता बाफतको रकम सम्झौता भएको दिन अग्रिम दाखिला गर्नु पर्नेछ । दोश्रो किस्ताको रकम सो को ६ महिना पुग्ने दिन भित्र अग्रिम बुझाउनु पर्ने छ । त्यस पछिका बर्षको हकमा पहिलो किस्ता बुझाएको दिन देखि हरेक ६।६ महिना भित्र किस्ता बापतको रकम वुझाउनु पर्नेछ । यसको बिस्तृत तालिका सम्झौता पत्रमा उल्लेख भए अनुसार हुनेछ ।

११।ठेक्का अनुसार कार्यालयलाई वुझाउने रकममा २/२ बर्षमा शुरू रकमको १०% ले बृद्धि हुदै जाने छ । बृद्धि गरिदा बढेकै रकमलाई आधार मानी बृद्धि हुदै जाने छ । कुनै पनि अवस्थामा किस्ता रकम छुटको लागि हक दाबी गर्न पाईने छैन ।

१२।अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३ तथा प्रचलित नेपाल सरकारका अन्य कानुन वमोजिम हुनेछ । त्रिपक्षीय सम्झौता गर्दा ध.उ.म.न.पा.र बिद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

१३।यस सम्बन्धि थप जानकारीका लागि ९८५८४८९५९५२ ९८५८४७८४६० मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत